# हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बिमा सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक

# (मस्यौदा)

<u>प्रस्तावना</u> : हवाई यात्राको दौरान हुन सक्ने विलम्व, यात्रास्थगन, यात्रुलाई लाग्न सक्ने चोटपटक, अङ्गभङ्ग वा मृत्यु तथा बायुयानबाट ओसारपसार गरिने मालसामानको ओसारपसारको क्रममा हुन सक्ने बिलम्व, मालसामान नष्ट हुने, हराउने वा बिग्रने अवस्था तथा तेश्रो पक्षमा क्षति पुग्न गएको अवस्थामा अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन संस्थाको दायित्व तथा बिमा सम्बन्धमा मोन्ट्रियल महासन्धि १९९९, नेपालको संसदबाट अनुमोदन भै कार्यान्वयनमा आइसकेको र बिश्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइ उडानमा संलग्न वायुसेवा संस्थाको दायित्व बीचको भिन्नता पनि सांगुरिंदै गइरहेको अबस्थामा सो महासन्धिसंग सामञ्जस्य हुनेगरि आन्तरिक हवाई उडानहरूमा पनि क्रमबद्ध रुपमा लागू गर्न वाञ्छनिय भएकोले आन्तरिक वायुसेवाको दायित्व तथा बिमाको सम्बन्धमा उचित व्यवस्था गरी हवाई यात्रुको अधिकार सुनिश्चित हुने वातावरण तयार गर्दै हवाइ सेवालाई भरपर्दो, विश्वसनीय, स्तरीय तथा जिम्मेवार बनाउन कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "आन्तरिक वायुसेवा सञ्चालन संस्थाको दायित्व तथा बिमा सम्बन्धी ऐन २०७८" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ र प्रचलित कानुन अनुसार आन्तरिक उडानका लागि नेपालमा दर्ता गरिएको जुनसुकै नागरिक वायुयान र त्यसमा सवार रहेका व्यक्ति, ब्यागेज, कार्गो, हवाई यातायात सेवा प्रदायक संस्था वा त्यस्ता संस्थाका प्रतिनिधि उपर पनि लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोकेको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “आन्तरिक उडान” भन्नाले वायुसेवा सञ्चालन संस्थाले नेपालको कुनै एक स्थानबाट अर्को स्थानमा सञ्चालन गरेको हवाई यातायात सेवा सम्झनु पर्छ ।

(ख) "टिकट" भन्नाले बायुयानबाट यात्रुको ओसार पासार गर्ने सम्बन्धमा यात्रु र वायुयान संचालन संस्था बीच भएको करारका शर्तहरुको अधिनमा रहने गरि प्रस्थान र / वा गन्तब्य बिन्दु उल्लेख भएको कागज टिकट वा विधुतीय टिकट समेतलाई सम्झनु पर्छ ।

(ग) “कार्गो” भन्नाले ब्यागेज बाहेकको वायुयानद्वारा ढुवानी गरिने कन्टेनर वा प्याक भएको वा नभएको डिब्बा प्यालेट वा त्यस्तै प्रकृतिका ढुवानीका मालसामान र जीवित जीवजन्तु समेत सम्झनु पर्छ ।

(घ) “हुलाकवस्तु” भन्नाले प्रचलित कानून बमोजिम हुलाकवस्तु भनी परिभाषित गरेको हुलाकवस्तुलाई जनाउनेछ ।

(ङ) “वायुयान धनी” भन्नाले कुनै वायुयान माथि स्वामित्व भएको व्यक्ति, कम्पनी वा संघ संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो कम्पनी वा संघ संस्थाका प्रबन्धक वा प्रबन्धक प्रतिनिधि (मेनिजिङ्ग एजेण्ट) नियुक्त भएकोमा निजलाई समेत जनाउँछ ।

(च) “मालसामान” भन्नाले ब्यागेज वा कार्गोको रुपमा वायुयानद्वारा ओसारपसार गरिने वस्तुलाई जनाउँछ ।

(छ)“तेश्रो पक्ष” भन्नाले यात्रु वा वायुयान उडानमा संलग्न चालकदलका सदस्य तथा सोसँग सम्बन्धित कर्मचारी बाहेक अन्य कुनै प्राकृतिक वा कानून व्यक्ति सम्झनु पर्छ ।

(ज) “ढुवानी करार” भन्नाले कार्गो जिम्मा लिएको स्थानबाट कार्गो हस्तान्तरण गर्ने स्थानसम्म कार्गो ढुवानी गर्ने सम्वन्धमा भएको करार सम्झनु पर्छ ।

(झ) "ढुवानीपत्र (एयरवेबिल)" भन्नाले करार बमोजिम वायुसेवा सञ्चालन संस्थाले प्रेषकबाट कार्गो बुझिलिई त्यस्ता कार्गो ढुवानी गरी हस्तान्तरण गर्ने दायित्व स्वीकार गरेको ढुवानी करारलाई प्रमाणित गर्ने लिखत सम्झनु पर्दछ ।

(ञ) "प्रापक (कन्साइनी)" प्रेषकले वायुयानद्वारा पठाएको कार्गो वायुसेवा सञ्चालन संस्था वा निजको एजेन्ट वा प्रतिनिधिबाट बुझिलिने हक प्राप्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "प्रेषक (कन्साइनर)"भन्नाले वायुयानद्वारा ढुवानी गराउन वायुसेवा सञ्चालन संस्थालाई कार्गो हस्तान्तरण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) "व्यागेज"भन्नाले यात्रुले यात्राको क्रममा आफू साथ लैजाने मालसामान सम्झनु पर्छ ।

(ड) "यात्रु" भन्नाले बायुसेवा द्वारा जारी टिकट खरिद गरि वा निःशुल्क टिकट मार्फत कुनै एक स्थानबाट कुनै अर्को स्थान सम्म वायुयानद्वारा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

तर सो शव्दले वायुयान उडानमा संलग्न चालक दलका सदस्य तथा सोसँग सम्वन्धित कर्मचारीलाई जनाउने छैन ।

(ढ) "वायुयान"भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने हवाईजहाज, हेलिकोप्टर आदि जस्तै जुनसुकै यन्त्र सम्झनु पर्छ ।

(ण) "वायुसेवा सञ्चालन संस्था" भन्नाले वायुयानद्वारा यात्रु, डाँक तथा मालसामान ओसारपसार गर्ने जिम्मा लिई हवाई यातायात सञ्चालन गर्ने उद्देश्यले नेपालको प्रचलित कानुन बमोजिमस्थापित संस्थान, कम्पनी, एजेण्ट, फर्म वा व्यक्ति सम्झनु पर्छ ।

(त) "साधारण हवाइ सेवा" भन्नाले अल्ट्रालाइट, माइक्रोलाइट, ग्लाइडर, बलुन आदि जस्ता शाहसिक मनोरञ्जनात्मक उडान गर्ने इजाजत प्राप्त हवाइ गतिबिधि सम्झनु पर्छ ।

(थ) "हस्तान्तरण" भन्नाले ढुवानी करार बमोजिम प्रापक वा प्रेषकको लिखित अनुमति बमोजिम तोकिएको कुनै व्यक्तिलाई ब्यागेज वा कार्गो बुझाउने कार्य सम्झनु पर्छ ।

(द) “हानिकारक कार्गो” भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले समय समयमा तोकेका प्रज्वलनशील, विकिरणयुक्त, विषालु वा यस्तै प्रकारका हानिकारक वा मालसामान सम्झनु पर्छ ।

(ध) “नेपाल नागरिक उड्डयन प्राधिकरण” भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार स्थापना भएको संस्था सम्झनु पर्छ ।

(न) “महानिर्देशक” भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(प) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(फ) "दूर्घटना" भन्नाले बायुयानमायात्राको क्रममा बोर्डिङ चेक गरेपछि वायुयानभित्र जाने क्रमका प्रक्रियाहरुमा वा यात्रा अवधिभर वायुयानभित्र रहँदा वा वायुयानबाट उत्रने क्रमका प्रक्रियाहरुमा कुनै यात्रुको अंगभंग वा चोटपटक लागेको वा मृत्यु भएको अबस्थालाइ सम्झनु पर्छ

(ब) "ब्यागेज चेक" भन्नाले बायुयान र यात्रु बीचको करारका शर्तहरुको अधिनमा रहने गरि वायुयानद्वारा ओसार पसार गरिने प्रस्थान र गन्तब्य बिन्दु उल्लेख भै जांच गरिएको पहिचान टयाग (आइडेन्टिफिकेशन टयाग) लाइ सम्झनु पर्छ

(भ) "वायुयान चालकदल" भन्नाले बायुयान संचालन कार्यमा संलग्न पाइलट र एयरहोस्टेस लगायतको समुह सम्झनु पर्छ

(म) "ब्यापारिक हवाइ उडान" भन्नाले भाडा लिइ वा नलिई यात्रु, माल सामान ओसार पसार गर्ने हवाइ यातायात सम्झनु पर्छ

परिच्छेद-२

## <u>वायुसेवा सञ्चालन संस्थाको यात्रु, ब्यागेज, तथा कार्गो सम्बन्धि दायित्व</u>

३. <u>टिकट जारी गर्नु पर्ने :</u> (१)वायु सेवा सञ्चालन संस्थाले वायुयान द्वारा यात्रा गर्ने प्रत्येक व्यक्तिको लागि टिकट जारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको टिकटमा देहायका कुरा खुलाउनु पर्नेछ :

(क) टिकट जारी भएको स्थान र मिति,

(ख) यात्रा गर्ने व्यक्तिको नाम, थर ठेगाना,

(ग) यात्रा गर्ने मिति, समय र उडान नम्वर,

(घ) प्रस्थान गर्ने स्थान र अन्तिम गन्तव्य स्थान,

(ङ) यात्राको क्रममा रोकिनु पर्ने भएमा रोकिने स्थानहरु,

(च) यात्राको लागि लाग्ने भाडा रकम वा निःशुल्क,

(छ) यस ऐन बमोजिमको दायित्व सम्वन्धी व्यहोरा,

(ज) यात्रु र वायुसेवा सञ्चालन संस्था वीच आपसमा सहमति भएका अन्य विषय वा तोकिए बमोजिमका अन्य व्यवस्था ।

*(नोटः हवाइ भाडा उल्लेख गर्दा बायुसेवाले लिने रकम, बिमानस्थल सेवा शुल्क तथा अन्य सरकारि निकायलाइ बुझाउनु पर्ने रकम स्पष्ट उल्लेख गर्नु पर्नेछ।)*

४. <u>निर्धारित मिति र समयमा सुरक्षित यात्रा गराउनु पर्ने :</u> वायुयानद्वारा यात्रा गर्ने यात्रुलाई यात्राको लागि निर्धारित मिति र समयमा सुरक्षित रुपमा गन्तव्य बिमानस्थल सम्म पु¥याउने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

५. <u>अग्रीम जानकारी गराउनु पर्ने :</u> (१) कुनै मिति र समयमा हुने भनिएको उडान रद्द वा स्थगन भएमा त्यस्तो उडान भर्न निर्धारित समय भन्दा कम्तीमा तिन घण्टा अगाडी सो उडानबाट यात्रा गर्न टिकट लिएका यात्रुलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उडान रद्द वा स्थगन भएमा वायुसेवा सञ्चालन संस्थाले त्यस्तो उडानबाट यात्रा गर्न टिकट लिएका यात्रुको लागि देहायको व्यवस्था मध्ये यात्रुले रोजेको कुनै व्यवस्था मिलाउनु पर्नेछ :

(क) यात्रुले टिकट वापत बुझाएको रकम फिर्ता गरी टिकट रद्दगर्ने, वा

(ख) उडान स्थगन वा रद्द भएको सेक्टरमा सोही वायुसेवा सञ्चालन संस्थाको वायुयानद्वारा उपलब्ध हुने पहिलो उडान वा अन्य बायुसेवाको उपलब्ध उडानबाट यात्रुलाई यात्रा गराउने ।

६. <u>निर्धारित मिति र समयको उडानबाट यात्रा गराउन नसकेमा :</u> (१) कुनै उडानबाट यात्रा गर्न टिकट लिएको कुनै यात्रुलाई वायुयानको भार क्षमता वा अन्य त्यस्तै कुनै प्राबिधिक कारणबाट सोहि दिनको उडानबाट यात्रा गराउन नसकिएमा त्यस्तो यात्रुलाई देहायका मध्ये यात्रुले रोजेको कुनै एक सुविधा उपलव्ध गराउने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ :-

(क) सम्बन्धित वायुसेवाको उडान हुन नसक्ने भएमा सोहि खण्डमा उडान गर्ने अर्को वायुसेवाको उडान उपलब्ध भएमा सो उडानबाट यात्रा गराउने, वा

(ख) यात्रुबाट कुनै थप रकम नलिई यात्रुलाई निजको गन्तव्य स्थानसम्म तत्काल यात्रा गराउन सकिने अन्य कुनै विकल्प भएमा सो अनुरुप यात्रा गराउने,वा

(ग) यात्रु टिकट बापतको रकम फिर्ता दिने सुनिश्चित गरि टिकट रद्ध गर्ने।

७. <u>ब्यागेज जिम्मा लिने :</u> (१) यात्राको क्रममा यात्रुले आफैले साथमा लिएर जान पाउने गरि तोकिएका झोलाहरु बाहेक अन्य ब्यागेज यात्रुले विमानस्थलमा यात्राको लागि सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको काउण्टरमा सम्पर्क गर्दाको अवस्थामा जाँचगरी वायुसेवा सञ्चालन संस्थाले आफ्नो जिम्मामा लिई सोको प्रमाणको लागि ब्यागेज ट्याग यात्रुलाई दिनु पर्नेछ र गन्तव्य विमानस्थलमा पुगे पछि यात्रुलाई निजको ब्यागेज हस्तान्तरण गर्नुपर्नेछ ।

८. <u>ब्यागेज ठिक अवस्थामा हस्तान्तरण भएको मानिने:</u> ब्यागेज हस्तान्तरण हुँदा यात्रुले **तत्काल**कुनै कैफियत जनाएको अवस्थामा बाहेक ब्यागेज ठीक र दुरुस्त अवस्थामा हस्तान्तरण भएको मानिनेछ ।

९. <u>ब्यागेज प्रतिको दायित्व:</u> (१) यात्रु तथा सामान वायुयान भित्र रहेको अबस्थामा वा वायुयान भित्र प्रवेश गर्न वा स्थानान्तरण गर्दा वा वायुयानबाट वाहिर निस्कने वा स्थानान्तरण गर्दा वाहकको लापरवाहीको कारणले भएको प्रत्यक्ष हानी नोक्सानीको लागि मात्र वाहक जिम्मेवार हुनेछ ।

(२) वायुसेवा सञ्चालन संस्थाले जिम्मा लिएको ब्यागेज हराएमा, नष्ट भएमा वा हानी नोक्सानी भएमा सो वापतको रकम त्यस्तो वायुसेवा सञ्चालन संस्थाले सम्बन्धित यात्रुलाई दिनुपर्नेछ ।

(३) क्षतिपुर्ति मागगर्ने व्यक्तिको कारणबाट सामानमा नोक्सानी भएको प्रमाणित भएमा वाहक माथि कुनै किसिमको दाबी लाग्ने छैन ।

(४) जांच गरिएका सामानमा कुनै हानी, नोक्सनी भएमा प्रति किलोग्राम अधिकतम बीस अमेरीकी डलरको दरले कुल अमेरीकी डलर पांच हजारको सीमा ननाघ्ने गरि सो बराबरको नेपाली रुपैयामा मात्र बाहकको दायित्व सिमित हुनेछ ।

(५) यात्रुले वायुयान भित्र आफुसंगै लगेको वा राखेको तर जांच नगरिएको सामानमा कुनै हानी, नोक्सानी भएमा अधिकतम अमेरिकी डलर चारसय बराबर हुने नेपाली रुपैयाको हदसम्म मात्र बाहकको दायीत्व हुनेछ ।

१०. <u>कार्गो ढुवानीको जिम्मा लिएपछि ढुवानी पत्र दिनु पर्ने :</u> (१) वायुसेवा सञ्चालन संस्थाले प्रेषकबाट ढुवानीको लागि कार्गो बुझिलिंदाको अवस्थामा प्रेषकलाइ रितपुर्बकको ढुवानीपत्र प्रदान गर्नुपर्नेछ ।

११. <u>ढुवानीपत्रमा खुलाउनु पर्ने कुराहरु :</u> (१) ढुवानीपत्र तयार गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछ :-

(क) ढुवानीपत्र तयार गरिएको मिति र स्थान,

(ख) प्रेषकका नाम, थर, ठेगाना,

(ग) वायुसेवा सञ्चालन संस्थाको नाम र ठेगाना,

(घ) प्रापकको नाम, थर, ठेगाना,

(ङ) कार्गो बुझिलिएको मिति र स्थान,

(च) कार्गो हस्तान्तरण गर्ने स्थान,

(छ) कार्गोको प्रकृति, पहिचानको चिन्ह, हानिकारक कार्गो भएमा सोको विवरण, प्याकेज (पोका) को विवरण, कूल तौल वा परिमाण,

(ज) कार्गो हस्तान्तरण गरिने मिति र समय,

(झ) ढुवानी भाडा, त्यस्तो भाडा तिरिसकेको वा तिर्न बाँकी रहेको व्यहोरा,

(ञ) कार्गोको मूल्यको घोषण, र

(ट) प्रेषक र वायुसेवा सञ्चालन संस्थाले आवश्यक ठानेमा अन्य कुराहरु ।

१२. <u>कैफियत जनाई कार्गो बुझी लिन सक्ने :</u> (१) वायुसेवा सञ्चालन संस्थाले प्रेषकबाट कार्गो बुझिलिंदा कार्गोको सामान्य प्रकृति, प्रमुख चिन्ह, पोका वा थानको संख्या, तौल वा परिमाण बुझी लिएको कार्गोसँग मेल खाने यस्तै व्यहोराको सम्बन्धमा कैफियत जनाई कार्गो बुझी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम**तत्काल** कुनै कैफियत नजनाई प्रेषकबाट वायुसेवा सञ्चालन संस्थाले कार्गो बुझीलिएकोमा ढुवानीपत्रमा उल्लेखित कार्गो ठीक दुरुस्त भएको मानिनेछ ।

१३. <u>करार भएको मानिने :</u>(१) ढुवानीपत्रमा प्रेषक र वायुसेवा सञ्चालन संस्थाले हस्ताक्षर गरेपछि यस ऐन बमोजिम कार्गो ढुवानीको लागि करार सम्पन्न भएको मानिनेछ ।

(२) ढुवानीपत्र प्रेषक र वायुसेवा सञ्चालन संस्था बीच कार्गोको ढुवानी गर्ने सम्बन्धमा करार सम्पन्न भएको, ढुवानीपत्रमा उल्लेख भए बमोजिमको कार्गो वायुसेवा सञ्चालन संस्थाले जिम्मा लिएका र ढुवानीपत्रमा लेखिएका शर्त तथा अवस्था अनुसार कार्गो ढुवानी गर्न मञ्जुर गरेको आधारभूत प्रमाण हुनेछ ।

(३) उपदफा (१) बमोजिम करार सम्पन्न भएपछि कुनै पक्षको ढुवानीपत्र हराएमा, नासिएमा वा ढुवानीपत्रमा सामान्य त्रुटी भएमा सो कारणबाट मात्रै सम्पन्न भएको करारको अस्तित्व तथा बैधतामा कुनै असर पर्ने छैन ।

१४. कार्गो हस्तान्तरण : (१) वायुसेवा सञ्चालन संस्थाले ढुवानीको लागि जिम्मा लिएको कार्गो ढुवानी पत्रमा उल्लेख गरिएको प्रापकलाई ढुवानी पत्रमा उल्लेख गरिएको स्थानमा हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्गो हस्तान्तरण गर्दा वायुसेवा सञ्चालन संस्थाले कार्गो हस्तान्तरण गर्न लागिएको व्यक्ति प्रेषकले उल्लेख गरेको प्रापक नै हो भन्ने कुराको यकिन गर्नका लागि प्रापकबाट आवश्यक प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

१५. कार्गो ढुवानी सम्बन्धी अन्य व्यवस्था : कार्गो ढुवानी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. कार्गो प्रतिको दायित्व:(१) वायुसेवा सञ्चालन संस्थाले प्रेषकबाट ढुवानी करार बमोजिम कार्गो वुझिलिएपछि दफा ३१ बमोजिम प्रापकलाई हस्तान्तरण नगरेसम्म त्यस्तो कार्गो उपरको सम्पूर्ण दायित्व वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

(२) कार्गो ढुवानीको सिलसिलामा वायुसेवा सञ्चालन संस्था वा निजको कर्मचारी वा निजको प्रतिनिधिबाट हुन गएको कुनै पनि कार्य प्रति वायुसेवा सञ्चालन संस्था स्वयं जवाफदेही हुनेछ ।

(३) उपदफा (१) र (२) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी वायुसेवा सञ्चालन संस्था, निजको कर्मचारी वा अधिकार प्राप्त प्रतिनिधिले ढुवानी करार बमोजिम ढुवानीको लागि जिम्मा लिएमा कार्गो हराएमा, हानी नोक्सानी वा क्षति भएमा वा निर्धारित अवधिभित्र प्रापकलाई हस्तान्तरण नगरेको कारणबाट प्रापकलाई हुन गएको मनासिव हानी नोक्सानी वा क्षतिको लागि वायुसेवा सञ्चालन संस्था स्वयं जवाफदेही हुनेछ र सो वापत निजले क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(४) वाहकका कर्मचारी, अभिकर्ता तथा प्रतिनिधि र अन्य ब्यक्ति जसको वायुयान वाहकले यात्रु तथा सामान ढुवानी गर्ने आफ्नो कर्तब्य निर्बाह गर्न प्रयोग गरेको छ, **सो**को हकमा र त्यस्तो व्यक्तिको कर्मचारी, अभिकर्ता तथा प्रतिनिधिको हकमा समेत यहां उल्लेख गरिएकै वाहकका दायित्व सम्बन्धि सिमाहरु बराबरको हदसम्म मात्र लागु हुनेछ ।

१७. <u>कार्गो हस्तान्तरण ढिलाई भएको मानिने :</u> ढुवानीपत्रमा कार्गो ढुवानी गरी सक्नु पर्ने समयावधि किटान गरिएकोमा सो समयावधि भित्र र समयावधि किटान नगरिएकामा कार्गोको प्रकृति, वायुसेवा सञ्चालनको अवस्था, तत्कालको परिस्थिति समेतको आधारमा कम्तिमा ३ दिन भित्र वायुसेवा सञ्चालन संस्थाले हस्तान्तरण नगरेमा हस्तान्तरणको लागि ढिलाई भएको मानिनेछ ।

१८. <u>कार्गो हराएको मानिने :</u>कार्गो हस्तान्तरण गर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समय भुक्तान भएको पन्ध्र दिन र त्यसरी समय निर्धारण नभएको अवस्थामा वायुसेवा सञ्चालन संस्थाले कार्गो बुझिलिएको तीस दिनभित्र कार्गो हस्तान्तरण नगरेमा कार्गो हराएको मानिनेछ ।

१९. <u>हानिकारक कार्गोको ढुवानी :</u> (१) प्रेषकले वायुसेवा सञ्चालन संस्थालाई खतराजन्य वा हानिकारक कार्गो बुझाउँदाको अवस्थामा कार्गोको खतराको प्रकृति र त्यसको लागि अपनाउनु पर्ने उपयुक्त विधि तथा सावधानीका विषयहरुको सूचना वा जानकारी अनिवार्य रुपमा ढुवानीपत्रमा उल्लेख गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रेषकले वायुसेवा सञ्चालन संस्थालाई कार्गो बुझाउँदा कार्गोको खतराको प्रकृतिको बारेमा सूचना वा जानकारी उपलब्ध नगराएको अबस्थामा वायुसेवा सञ्चालन संस्थाले कार्गो चलान भई सकेपछि ढुवानी गरिने कार्गो खतराजन्य वा हानिकारक छन् भन्ने कुराको जानकारी पाएमा वायुसेवा सञ्चालक संस्थाले त्यस्तो कार्गो जुनसुकै समय वा स्थानमा कसैलाई हानी नोक्सानी नहुने गरी ओराल्न,नष्ट गर्न वा हानी नोक्सानी नहुने गरी उपयुक्त ब्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा वायुसेवा सञ्चालन संस्थाले खतराजन्य वा हानिकारक कार्गो ब्यवस्थापन गरेकोमा त्यस वापत प्रेषकलाई कुनै किसिमको क्षतिपूर्ति तिर्नु पर्ने छैन । खतराजन्य वा हानिकारक कार्गोलाइ नष्ट गर्नु पर्ने अबस्थामा वायुसेवाले सम्बन्धित निकायको निर्देशन अनुसार गर्ने र सो बापत लाग्ने खर्च कार्गो बुक गर्ने संस्था वा ब्यक्ति (प्रेषक) बाट असुल उपर गरिनेछ । साथै खतराजन्य वा हानिकारक वस्तुबाट उत्पन्न हुने असुरक्षा तथा नोक्सानीको जवाफदेही प्रेषक नै हुनु पर्ने छ ।

२०. <u>कार्गोको निरीक्षण:</u>(१) प्रापकले वायुसेवा सञ्चालन संस्था वा सोको प्रतिनिधिको उपस्थितिमा कार्गोको अवस्थाको जाँच नगरिकनै कार्गो बुझिलिएमा वा प्रत्यक्ष देखिने हानी नोक्सानीको हकमा कार्गो बुझि लिएकै समयमा र प्रत्यक्ष नदेखिने हानी नोक्सानीको हकमा सार्वजनिक विदाको दिन बाहेक कार्गो बुझिलिएको मितिले सात दिनभित्र कार्गो हराएको वा क्षति भएको सम्बन्धमा कुनै सूचना नगरेमा प्रापकले ढुवानीपत्रमा उल्लिखित अवस्थामा कार्गो बुझिलिएको मानिनेछ ।

(२) उपदफा (१) अनुसार वायुसेवाबाट कार्गो वा सामान बुझिलिए पछि वायुसेवाको कुनै दायित्व रहने छैन ।

## परिच्छेद- ३

## आधारभुत प्रमाण र दायित्व सिमा

२१. टिकट, ब्यागेज टयाग वारसिद आधारभूत प्रमाण हुने :(१) टिकटलाई यात्रु र वायुसेवा सञ्चालन संस्था बीच यात्रा सम्वन्धमा करार सम्पन्न भएको आधारभूत प्रमाण मानिनेछ ।

(२) ब्यागेज टयागलाईयात्रु र वायुसेवा सञ्चालन संस्था बीच ब्यागेज ढुवानी सम्बन्धमा करार सम्पन्न भएको आधारभूत प्रमाण मानिनेछ ।

(३) वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट वा बिक्री प्रतिनिधिले प्रेषकबाट रसिदमा उल्लेख भए बमोजिमको मालसामान बुझिलिएकोमा त्यस्तो रसिदलाई मालसामान बुझिलिएको आधारभूत प्रमाण मानिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट वा बिक्री प्रतिनिधिबाट टिकट, ब्यागेज टयाग वा रसिद जारी भएपछि त्यस्तो टिकट, ब्यागेज टयाग वा रसिद हराएको, नासिएको वा सामान्य प्रकृतिको त्रुटि भएको भने पनि त्यस्तो कारणबाट मात्र भएको करारको अस्तित्व र बैधतालाई असर पार्ने छैन ।

२२. यात्रुलाई चोटपटक लागेमा, अङ्गभङ्ग वा मृत्यु भएमा : (१) यात्राको क्रममा बोर्डिङ चेक गरेपछि वायुयान भित्र जाने क्रमका प्रक्रियाहरुमा वा यात्रा अवधिभर वायुयान भित्र रहँदा वा वायुयानबाट उत्रने क्रमका प्रक्रियाहरुमा कुनै दुर्घटना भई चोटपटक लागेमा वा शारिरिक क्षति वा अङ्ग भङ्ग भएमा वा मृत्यु हुन गएमा सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले क्षतिपूर्ति वापत एकलाख अमेरिकी डलर (१,००,००० US$) ब्यहोर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दुर्घटनामा दुर्घटनास्थलमै यात्रुको मृत्यु भएमा सम्वन्धित वायुसेवा सञ्चालन संस्थाले क्षतिपूर्ति वापत एकलाख अमेरिकि डलर (१,००,००० अमेरिकी डलर) बराबरको रकम प्रचलित कानुन बमोजिमको मृतकको सबैभन्दा नजिकको हकदारलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दुर्घटनाबाट घाइते वा अंगभंग भएमा सम्वन्धित वायुसेवा सञ्चालन संस्थाले उचित उपचारको प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मृतकको शव निजको परिवारलाई हस्तान्तरण गर्ने दायित्वका साथै उक्त कार्यमा लाग्ने सम्पूर्ण खर्च तथा मृत्यु संस्कारको लागि मनासिव माफिकको रकम पेश्कि स्वरुप (एडभान्स पेमेन्ट) मृतकका परिवारलाई तत्काल उपलव्ध गराउने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

(५) उपदफा (१)र (२)मा उल्लेख गरिएको रकम भन्दा कम दायित्व हुने गरि वायुसेवा सञ्चालन संस्थाले आफ्नो दायित्व सिमा तोक्न पाउने छैन |

(६) उपदफा (१), (२) वा (३) मा उल्लेख भए बमोजिम बाहेक वायुसेवा सञ्चालन संस्थाले व्यहोर्नु पर्ने अन्य दायित्व यात्रु र वायुसेवा सञ्चालन संस्था बीच भएको सहमति अनुरुप हुनेछ ।

२३. <u>ढिलाईबाट हुने दायित्व :</u> यात्रुको यात्रामा ढिलाई भएमा दफा ६ बमोजिम हुनेछ ।

२४. <u>ब्यागेज उपरको दावी :</u> (१) वायुसेवा सञ्चालन संस्थाले जिम्मा लिएको ब्यागेज हस्तान्तरणको लागि निर्धारित मिति र समयमा हस्तान्तरण नगरिएमा तत्काल तोकिए बमोजिमको ढाँचामा आफूले यात्रा सम्पन्न गरेको वायुसेवा सञ्चालन संस्थामा दावी गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावी प्राप्त भएपछि ब्यागेज हराएको वा नष्ट भएको वा हानी नोक्सानी भएको अवस्थामा दफा २६ बमोजिम क्षतिपूर्ति दिने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

२५. <u>यात्रुप्रतिको दायित्व व्यहोर्न बाध्य नहुने :</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अबस्थामा वायुसेवा सञ्चालन संस्था यस ऐन बमोजिमको यात्रुप्रतिको दायित्व व्यहोर्न बाध्य हुने छैन :–(क) खराव मौसम, प्राकृतिक वा दैवी प्रकोपको कारणबाट वा बिमानस्थल वा एयरट्राफिक सेवाको प्राबिधिक कारण वा सुरक्षा लगायत अन्य त्यस्तै कारण देखाई उडानको लागि अनुमति दिने निकाय वा सुरक्षा निकायबाट रोक लगाइएको कारणबाट उडान स्थगन वा रद्द भएको वा उडानमा ढिलाई भएकोमा सो वापतक्षतिपूर्ति तिर्न,

(ख) वायुसेवा सञ्चालन संस्थाले “क्षतिपुर्ती माग गर्ने यात्रुकै गम्भीर लापरवाहीको कारणबाट उक्त यात्रुलाई चोटपटक लागेको वा अङ्गभङ्ग वा क्षतिभएको” भनि प्रमाणित गरेमा सो वापतकोक्षतिपूर्ति,

(ग) यात्रुलाई पहिले देखिनै रहेको कुनै गम्भीर रोगको कारणबाट यात्रुको अङ्गभङ्ग वा मृत्यु भएमा सो वापतको क्षतिपूर्ति,

(घ) बायु सेवा संचालन संस्था र सोका कर्मचारिले सबै सक्दो साबधानी अपनाउंदा अपनाउंदै पनि उडान ढिलाईबाट हुन गएको क्षति बापतको क्षतिपुर्ति

२६. <u>कार्गो दायित्व सीमा :</u>वायुसेवा सञ्चालन संस्थाले ढुवानीका लागि कार्गो बुझिलिनु अघि नै त्यसरी ढुवानी गरिने कार्गोको मूल्य घोषणा गरी ढुवानीपत्रमा उल्लेख गरेको अवस्थामा बाहेक वायुसेवा सञ्चालन संस्थाले ढुवानीका लागि बुझिलिएका कार्गो कुनै किसिमबाट हराए वा हानी नोक्सानी भएको कारणबाट हुन गएको हानि नोक्सानी वापत त्यसरी हराएमा प्रति किलोग्राम बिस (२०) अमेरिकि डलर भुक्तान गर्नु पर्ने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

२७. <u>तेश्रो पक्ष प्रतिको दायित्व :</u>(१) ब्यापारिक वा निजि वायुयानको दुर्घटना वा अन्य कुनै कारणबाट तेश्रो पक्षलाई हुन सक्ने हानी नोक्सानीको सम्बन्धमा आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्नु वायुसेवा सञ्चालन संस्था वा सम्बन्धित बायुयान धनिको दायित्व हुनेछ ।

(२) वायुयानको दुर्घटना वा अन्य कुनै कारणबाट तेश्रो पक्षलाई हुन सक्ने हानी नोक्सानीको सम्बन्धमा वायुसेवा सञ्चालन संस्थाको दायित्वको न्यूनतम सीमा देहाय बमोजिम हुनेछ

(क) १०००० केजी वा सो भन्दा कम तौल भएको वायुयानको हकमा २५ मिलियन अमेरिकी डलर बराबरको रकम ।

(ख) १०००१ केजी देखि ३५००० केजी सम्म तौल भएको वायुयानको हकमा ३५ मिलियन अमेरिकी डलरबराबरको रकम ।

(ग) ३५००१ केजी देखि माथि जतिसुकै तौल भएकोवायुयानको हकमा ६० मिलियन अमेरिकी डलर बराबरको रकम ।

२८. <u>प्रेषक जवाफदेही हुने :</u> (१) देहायको अवस्थाबाट हुन गएको कुनै किसिमको हानी नोक्सनी वा खर्चको सम्बन्धमा प्रेषक स्वयं जवाफदेही हुनेछ :–

(क) ढुवानी गरिने मालसामानको त्रुटिपूर्ण प्याकिङ्ग भएको,

(ख) वायुसेवा सञ्चालन संस्थालाई प्रेषकले दिएको सूचना त्रुटिपूर्ण वा गलत अर्थ लाग्ने भएको,

(ग) प्रेषकले वायुसेवा सञ्चालन संस्थालाई कार्गो बुझाउनु अघि प्रचलित कानून बमोजिम कुनै स्वीकृति वा अनुमति लिनु पर्नेमा त्यस्तो स्वीकृति वा अनुमति नलिएको,

(घ) प्रेषकले वायुसेवा सञ्चालन संस्थालाई ढुवानी करार बमोजिम उपलव्ध गराउनु पर्ने कुनै कागजात वा निस्सा उपलव्ध नगराएको ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा कार्गो ढुवानी गर्नका लागि बुझिलिंदाको वखत नै त्यस्तो अवस्थाको विद्यमानता थियो भन्ने कुराको प्रमाणित गर्ने दायित्व सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको हुनेछ ।

## परिच्छेद- ४

# बिमा,क्षतिपुर्ति दावि र भुक्तानी

२९. बिमा गर्नुपर्ने : (१) वायुसेवा सञ्चालन संस्थाले आफूले सञ्चालन गरेको वायुयानमा यात्रा गर्ने यात्रु ओसारपसार गरिने मालसामान, तेश्रो पक्ष र प्रचलित कानूनले तोकेको अन्य दायित्व समेतको सम्बोधन हुने गरि बिमा गर्नुपर्नेछ ।

तर वायुयानद्वारा गरिने हुलाकवस्तुको हकमा वायुसेवा सञ्चालन संस्था र हुलाकवस्तु चलान गर्ने निकाय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बिमाले वायुयानको दुर्घटनाबाट यात्रुलाई हुन सक्ने घाउचोट, अङ्गभङ्ग वा मृत्यु, मालसामान नष्ट हुने, हराउने, विग्रनसक्ने अवस्था तथा दुर्घटनाबाट तेश्रो पक्षलाई पुग्न सक्ने घाउचोट, अङ्गभङ्ग वा मृत्यु एवं धन सम्पत्तिको नोक्सानीको जोखिम समेतलाई समेटेको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम बिमा गर्दा उपदफा (२) को अतिरिक्त युद्ध, आतङ्ककारी क्रियाकलाप, अपहरण तथा बन्धक बनाउने, गैर कानूनी कब्जा जस्ता कार्यको जोखिम, वायुयान दुर्घटना भएको अवस्थामा दुर्घटना भएको वायुयानको खोजतलास तथा उद्धार कार्य एवं दुर्घटनग्रस्त वायुयानका पार्टपूर्जा तथा अन्य वस्तु वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त व्यवस्थापन गर्ने कार्य समेतको जोखिम बहन गर्न सक्ने गरी बिमा गरिएको हुनपर्नेछ ।

३०. बिमा गरेको प्रमाण पेश गर्नुपर्ने : प्रत्येक वायुसेवा सञ्चालन संस्थाले आफूले सञ्चालन गरेको वायुयानमा यात्रा गर्ने यात्रु, आसोरपसार गरिने मालसमान र तेश्रो पक्ष समेतको यस ऐन बमोजिम बिमा गरिएको कुराको प्रमाण नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

३१. ब्यागेज क्षतिपूर्तिको दावी गर्ने अवधि र प्रक्रिया: (१) यस ऐनको दफा ९ को उपदफा (२) बमोजिम क्षतिपूर्ति पाउने अवस्थामा सो दुर्घटना भएको मितिले तिस दिन भित्र सम्बद्ध प्रमाण कागजात संलग्न गरि सम्बन्धित वायुसेवा सञ्चालन संस्थामा क्षतिपूर्तिको दावी गर्नुपर्नेछ ।

(२) यस ऐनको दफा ९ उपदफा (२) बमोजिमको क्षतिपूर्ति पाउने अवस्थामा यात्रुको मृत्यु भएको मितिबाट साठिदिन भित्र बिबरण खोलि सम्बन्धित वायुसेवा सञ्चालन संस्थामा क्षतिपूर्ति दावी गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम बाहेक यात्रुले क्षतिपूर्ति पाउने अन्य अवस्थामा क्षति भएको सात दिनभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थामा बिबरण र प्रमाण समेत संलग्न गरि क्षतिपूर्तिको दावी गर्नुपर्नेछ ।

तर विशेष परिस्थितिको अवस्थामा क्षतिपूर्ति दावी गर्ने अवधि क्षतिपूर्ति दावी गर्न पाउने व्यक्तिले सूचना प्राप्त गरेको पैतिस दिन कायम हुनेछ ।

३२. <u>यात्रुको मृत्यु वा घाइते भएमा क्षतिपूर्ति दावी :</u>(१) कुनै यात्रुलाई यात्राको क्रममा चोटपटक लागेमा वा घाइते भएमा सोको उपचार तथा क्षतिवापतको रकमको दावीको लागि सम्बन्धित वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट समक्ष ६० दिन भित्र विवरण सहितदावी पेश गर्नु पर्नेछ ।

(२) हवाइ यात्राको क्रममा कुनै कारणबस कुनै यात्रुको मृत्यु हुन गएमा यस ऐन बमोजिम पाउने क्षतिपूर्ति बापतको रकम मृतक यात्रुको कानुन बमोजिमको सबै भन्दा नजिकको हकदारले दावी गर्न सक्नेछ ।

(३) वायुयानको दुर्घटनाबाट तेश्रो पक्षलाई पुग्न गएको हानी नोक्सानीको सम्बन्धमा सोको बिबरण खुलाइ सम्बन्धित पक्षले वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट समक्ष ६० दिन भित्र दावी पेश गर्नु पर्नेछ ।

३३. <u>दावी उपरको निर्णय:</u> (१) दफा ३२ बमोजिम पर्न आएको दावी उपर त्यस्तो दावी पर्न आएको साठी दिनभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले क्षतिपूर्तिको सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय उपर चित नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा गर्न सक्नेछ ।

३४. चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा सो वापतको क्षतिपूर्तिको गणना : दफा ३२ बमोजिम गरिएको दावी उपर चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा सो वापत दिइने क्षतिपूर्ति निर्धारण वा गणना गर्दा यात्रुलाई लागेको चोटपटक वा भएको अङ्गभङ्गको अवस्था वा प्रकृति र सोबाट यात्रुलाई हुने अशक्तताको र निजले गुमाएको आम्दानी तथा अबसरको गम्भीरताको आधारमा गणना गरिनेछ ।

३५. मालसामान उपरको दावी : (१) कुनै मालसामानको वायुयानद्वारा ओसारपसारको क्रममा कुनै प्रकारको क्षति वा हानी नोक्सानी पुग्न गएमा त्यस्तो मालसामानको धनि वा सो बुझिलिन पाउने अधिकार भएको व्यक्तिले सो मालसामान बुझिलिंदा कै अवस्थामा त्यसरी हुन गएको हानी वा क्षतिको विवरण उल्लेख गरी सो सम्बन्धि दावी सम्बन्धित वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) वायुयानद्वारा ओसारपसार गरिएको कुनै मालसामान ओसारपसारको क्रममा नष्ट हुन गएमा वा हराएमा त्यस्तो मालसामानको धनि वा सो बुझिलिन पाउने अधिकार भएको व्यक्तिले त्यस्तो मालसामान ओसारपसारको लागि वायुसेवा सञ्चालन संस्थाको जिम्मा लगाएको प्रमाण संलग्न गरी क्षतिपूर्तिको लागि सम्बन्धित वायुसेवा सञ्चालन संस्था वा निजको एजेण्ट समक्ष यथाशिघ्र दावी प्रस्तुत गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पर्न आएमा दावी उपर सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले बिमा कम्पनिबाट दाबि विमा प्राप्त गरेको मितिले तीस दिन भित्र यस ऐन बमोजिम पाउने रकम क्षतिपूर्तिको रुपमा भूक्तानी दिनु पर्नेछ ।

## परिच्छेद- ५

## कारवाहि तथा मुद्दा दायर गर्ने अधिकार

३६. महानिर्देशक समक्ष निवेदन दिन सकिने: (१) यात्रा स्थगन वा रद्द भएमा वा यात्रुलाई निर्धारित उडानबाट यात्रा गराउन नसकेमा वा उडानमा विलम्व भएको अवस्थामा सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले यात्रुलाई यस ऐन बमोजिम गर्नुपर्ने ब्यवस्था नगरेमा सो भए गरेको मितिले तीन दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर दुबै पक्षको सुनुवाइ र जाँचवुझ गर्दा यस ऐन बमोजिम गर्नुपर्ने ब्यवस्थामा फरक देखिएमा महानिर्देशकले यात्रुलाइ यसऐन बमोजिमको सुबिधा र तोकिए बमोजिमको क्षतिपूर्ति दिन लगाई सम्बन्धित वायुसेवाबाट भबिष्यमा पुनः यस्तो कमजोरी नदोहोऱ्याउने गरि लिखित आदेश समेत जारि गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशको पालना नगरेमा माहनिर्देशकले त्यस्तो वायुसेवा संस्थाको वायुयान उडानमा रोक लगाउन सक्नेछ ।

३७. कारवाहीको सिफारिश गर्ने : (१) यस ऐन बमोजिम गर्नु पर्ने बिमा गरेको नपाइएमा माहानिर्देशकले त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई यस ऐन बमोजिम गर्नुपर्ने बिमा सम्बन्धी व्यवस्थाहरु कार्यान्वयन गर्नका लागि अवधि किटान गरी सो अवधि सम्मको लागि व्यवसायिक उडान भर्न रोक लगाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम पालना गर्नुपर्ने कर्तव्यको पालना नगर्ने वायुसेवा सञ्चालन संस्थालाई माहानिर्देशकले त्यस्तो कर्तव्य पालना नगरेसम्मको लागि उडान भर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको अवधिमा त्यस्तो बिमा सम्बन्धी व्यवस्था नगरेमा माहानिर्देशकले त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई दिएको वायुसेवा सञ्चालन प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

३८. <u>मुद्दा दायर गर्ने क्षेत्राधिकार :</u> यस ऐन बमोजिम वायुसेवाले बहन गर्नु पर्ने दायित्व बहन नगरेमा पिडित पक्षले बायुसेवा बिरुद्ध दुर्घटना भएको मितिले छ महिनाभित्र देहायका मध्ये कुनै एक स्थानको जिल्ला अदालतमा मुध्दादायर गर्न सक्नेछ :–

क) वादी रहेको जिल्ला,

ख) दुर्घटना भएको जिल्ला,

ग) वायुसेवा दर्ता भएको जिल्ला,

घ) टिकट जारि/खरिद भएको जिल्ला,

३९. <u>पुरावेदन :</u> जिल्ला अदालतको फैसला चित्त नबुझ्ने पक्षले उक्त फैसलाको बिरुद्ध सम्बन्धित उच्चअदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद -६

# बिबिध

४०. <u>ट्राभल, ट्रेकिङ तथा कार्गो एजेण्टको दायित्व :</u>यस ऐन बमोजिम ट्राभल, ट्रेकिङ तथा कार्गो एजेन्सीको कारणबाट यात्रा तथा ढुवानीमा विलम्ब, हानी, नोक्सानी भएमा यो ऐनमा व्यवस्था भए बमोजिमको क्षतिपूर्ति दिने दायित्व सम्बन्धित एजेण्टको हुनेछ ।

४१. <u>साधारण हवाई सेवा सञ्चालन गर्ने संस्थाको दायित्व :</u> एभिएशन स्पोर्टस, फ्लाइङ स्कूल, खोज तथा उद्धार, व्यक्तिगत उडान गर्ने हवाई यातायात सञ्चालन संस्थाको दायित्व मन्त्रालयले निर्णय गरि नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोकेबमोजिम हुनेछ ।

४२. <u>हदम्यादः</u> (१) यस ऐन बमोजिम भए गरेको कामको सम्बन्धमा उजुर गर्न चाहने व्यक्तिले यस ऐनमा हदम्याद उल्लेख भएकोमा सोहि बमोजिम र हदम्याद उल्लेख नभएकोमा देहायको मितिबाट तीस दिन भित्र नालिस उजुरगर्नु पर्नेछ :–

(क) यस ऐनको दफा १० बमोजिम दिनुपर्ने क्षतिपूर्ति वा अन्य रकमको सम्बन्धमा दफा १३ बमोजिम निर्णय भएको मिति,

(ख) ब्यागेज वा कार्गो हस्तान्तरण गरेको मिति,

(ग) ब्यागेज हराएकोमा दफा २२ बमोजिम हराएको मानिने मिति,

(घ) ढुवानीपत्र बमोजिम कार्गो बुझाउनु पर्ने मिति,

(ङ) कार्गो हराएकोमा दफा ३४ बमोजिम हराएको मानिने मिति,

(च) खण्ड (क) देखि (च) वाहेकको अन्य अवस्थामा सो भए गरेको मिति ।

(२) यस ऐनको दफा २३ बमोजिम पाउँनु पर्ने क्षतिपुर्ती नपायमा उक्त दुर्घटना भएको दूई वर्ष भित्र दफा ३९ अनुसार मुद्दा हेर्ने क्षेत्राधिकार भएको जिल्ला अदालतमा मुद्दा दायर गरिसक्नु पर्नेछ ।

४३. <u>वायुसेवा सञ्चालन संस्थाको बिमा सम्बन्धमा विशेष व्यवस्था :</u> (१) यो ऐन प्रारम्भ हुँदाको बखत सञ्चालनमा रहेको वायुसेवा सञ्चालन संस्थाले यो ऐन प्रारम्भ भएको

मितिले छ महिनाभित्र यस ऐन बमोजिम गर्नुपर्ने बिमा सम्बन्धि व्यवस्था गरिसक्नु पर्नेछ ।

४४. <u>क्षतिपूर्ती रकमको पुनरावलोकन गरिने</u>: यस ऐनको दफा २३ बमोजिमको दायित्व सीमाको रकम यो ऐन लागु भएको मितिले सामान्यतया हरेक दश वर्षमा **नेपाल सरकारले**औसत राष्ट्रिय मुद्रास्फिति अनुसार क्षतिपुर्तीको रकम पुनरावलोकन गरि नेपालको राजपत्रमा प्रकाशित गरिनेछ|

४५. <u>मन्त्रालयले सुचना जारी गर्न सक्ने :</u> (१) वायुयानबाट यात्रा गर्ने यात्रु तथा ढुवानी गरिने ब्यागेज वा कार्गो प्रतिको वायुसेवा सञ्चालन संस्थाको दायित्व, दावी प्रक्रिया तथा क्षतिपूर्ति सम्बन्धमा यस ऐनको कुनै व्यवस्थालाई प्रष्ट पार्न आवश्यक भएमा मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गरी आवश्यक सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना जारी गर्दा मन्त्रालयले यस सम्बन्धमा सम्पन्न भएका अन्तर्राष्ट्रिय महासन्धि तथा अन्तर्राष्ट्रिय कानूनको व्यवस्थालाई समेत आधार लिन सक्नेछ ।

४६. <u>यो ऐन लागू नहुने :</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको वायुयान तथा उडानमा यो ऐनको कुनै व्यवस्था लागू हुने छैन ।

(क) नेपाल सरकार वा नेपाली सैनिक सेवाको वायुयान,

(ख) नमूना वायुयान,

(ग) साधारण हवाइ सेवा(जनरल एभिएसन) आदि ।

४७. <u>नियम बनाउने अधिकार :</u> यस ऐनको उद्देश्य पूरा गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४८. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।